स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्ममा म्यूजिक भिडियो र थिएटरबाट आउने कलाकारको संख्या ठूलो छ । त्यसमा प्रभात पल ठकुरी पनि पर्छन् । नाटक र म्यूजिक भिडियोमा काम गरेपछि उनले "डिसेम्बर फल्स"बाट फिल्ममा डेब्यु गरेका थिए । यसपछि "सरी मम" गरे । अब उनको नयाँ फिल्म "वसन्त" यही चैत २२ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्मको टिजर र ट्रेलर हेर्दा उनको ग्रामीण चरित्र देखिन्छ । उनले "वसन्त"लाई आफ्नो महत्वपूर्ण उपलब्धि मानेका छन् ।

**आजको विचार...**



वि.पी.... (दुई पेजमा)

केशव बडाल



अभिनेता केदार घिमिरे "माउने बुढा"ले पहिले पञ्चायत विरोधी भनिएको गीत अहिले अहिले गणतन्त्र विरोधी भनिन थालिएको बताएका छन् । उनले सामाजिक सञ्जालमा एक पोष्ट गर्दै पुरानो गीत "गाउँ गाउँबाट उठ"लाई अहिले गणतन्त्र विरोधी भन्न थालिएको कटाक्ष गरेका हुन् । उनले लेखेका छन्, "२०४१ सालमा "गाउँ गाउँबाट उठ" भनेर गाउँदा पञ्चायत विरोधी मानिन्थ्यो । २०८१ सालमा त्यही गीत गाउँदा गणतन्त्र विरोधी हुने भो ।"

❒ वर्ष ३० ❒ अंक २४७ ❒ २०८१ चैत २० गते बुधबार 2 April 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# रामपुर शीतभण्डार प्रयोगमा आयो, धमाधम आलु भण्डारण गरिँदै

**सुशीला रेग्मी/रासस**

**रामपुर (पाल्पा), चैत १९**/आलु भण्डारणका लागि गाउँमा शीतभण्डार अभावमा खेमराज रानाले भैरहवामा लैजाने गर्थे । रामपुरबाट गाडीमा ढुवानी गरेर भैरहवा लैजान त्यत्ति सहज भने छैन । उत्पादित आलु बिग्रन नदिन ढुवानी खर्चेर सुरक्षितसाथ राख्न भैरहवास्थित शीतभण्डारणमा लैजाने गरेको उनले सुनाए ।

हिजोआज भने रानालाई आलु शीतभण्डारमा राख्न भैरहवा पुर्‍याउनुपरेको छैन । रामपुर नगरपालिका-२ भलायटारका उनले गाउँमै शीतभण्डार केन्द्र प्रयोगमा आएपछि धेरै सजिलो भएको बताए । यहाँ निर्माण भएको रामपुरशित भण्डारमा रानाले माथिल्लो कृषक तरकारी समूहबाट ५० बोरा आलु ल्याएर राखेका छन् । सोमबारदेखि रामपुर नगरपालिकाले सूचना जारी गरेर शीतभण्डारमा किसानलाई आलु भण्डारण गर्न आह्वान गरी सुरु गरिएको हो । गत वर्ष पनि रानाले समूहमार्फत ५० बोरा आलु राखेका थिए । 'अघिल्लो वर्ष रामपुर शीतभण्डारमा राखेको आलु राम्रो भएपछि यस वर्ष पनि ल्याएर राखेका छौँ, गाउँघरमा नै चिस्यान केन्द्रमा राख्ने सुविधा



भएपछि सजिलो भयो, यहाँ शीतभण्डार नबन्दासम्म भैरहवामा आलु राख्दै आएका थियौँ, अब भैरहवा लैजान दौडधुप गर्नुपरेन', उनले भने । अहिले भण्डारण गरेर राख्ने र पछि बेमौसमी याममा निकालेर बिक्री गर्दा किसानले उचित मूल्य पाउने रानाको विश्वास छ । आफ्नै ठाउँमा शीतभण्डार हुँदा आलु सुरक्षितसाथ राख्न ढुक्क हुने गरेको रामपुर-६ का ७४ वर्षीय लेखनाथ पोखरेल बताउन्छन् । शीतभण्डारको सुविधाले पछिल्ला वर्ष उत्पादन बढाउँदै गएको उनले जनाए । यस वर्ष उनले खायन र बीउ आलु गरेर १५ बोरा राख्ने तयारी गरेका छन् । "शीत भण्डारले किसानलाई धेरै सजिलो भएको छ, थोरै उत्पादन गर्ने तथा घरायसी प्रयोजनका लागि मात्र उत्पादन गर्ने किसानलाई भैरहवा, पोखरालगायत शीतभण्डारमा १०-१५ बोरा आलु बोकेर लैजाने र ल्याउने गर्न समस्या हुन्छ, रामपुरमै सुविधा भएपछि भण्डारण गर्न सजिलो, आफूलाई आवश्यक परेका बेला निकाल्न सकियो", पोखरेलले भने । रामपुरको मात्र नभई स्याङ्जा चापाकोट नगरपालिकाबाट पनि एक हजार पाँच सय बोरा आलु राखिने तयारी भइरहेको रामपुर नगरपालिकाका कार्यवाहक नगरप्रमुख दोवराज तिवारीले जानकारी दिए । उनले नगरपालिकाले आलुको रेखदेखका लागि एक जना दैनिक हेरालु व्यवस्थापन गरिने बताए । अहिले कृषि शाखाका कर्मचारी परिचालन गरेर आलु राख्ने कार्य भइरहेको उनको भनाइ छ । "यसपटक तीन हजार पाँच सयदेखि चार हजार बोरा राख्ने अनुमान गरिएको छ, आलु राख्न धेरै ठाउँबाट सम्पर्क गरिरहनुभएको छ, स्थानीयलाई पहिला प्राथमिकता दिएका छौँ", उनले भने, "यहाँ राखिएको आलु नगरपालिकाले सुरक्षित साथ व्यवस्थापन गर्ने छ, सुरक्षितसाथ राख्न पाउँदा किसान उत्साहित हुनुहुन्छ ।" यहाँ राख्न ल्याइएका आलु राख्ने र निकाल्ने व्यवस्था पनि नगरपालिका आफैँले गरिरहेको छ । प्रतिकिलो रु छ का दरले किसानसँग भण्डारण शुल्क लिएर राख्ने गरिएको रामपुर नगरपालिका कृषि शाखाका कर्मचारी युवराज नेपालीले जानकारी दिए । उनका अनुसार यहाँ गत वर्ष तीन हजार ३ सय ७० बोरा बीउ तथा खायन आलु भण्डारण गरिएको थियो । यहाँ शीतभण्डार निर्माण भएपछि यसभन्दाअघि तीनपटक आलु भण्डारण सुविधा किसानले लिइसकेका छन् । पहिलो वर्ष परीक्षणका रूपमा राखिएका केही आलुमा उम्रने समस्या आएपछि पुन: मर्मतसम्भार गरेर सञ्चालनमा ल्याइयो । दोस्रो र तेस्रो वर्ष राम्रो भण्डारण भएपछि किसानले बाहिरका शीतभण्डारमा आलु लैजान छाडेका छन् । अहिले राखिएको खायन आलु भदौ र असोजमा निकालिने छभने बीउ प्रयोजनका लागि राखिएको आलु कात्तिकमा सार्वजनिक सूचना प्रकाशन गरेर निकालिने जनाइएको छ । किसानले उत्पादन गरेका कृषि उपजलाई सुरक्षित तरिकाले भण्डार गरेर राख्नका लागि तीन सय मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण गरी प्रयोगमा ल्याएको नगरप्रमुख रमणबहादुर थापा बताउन्छन् । रामपुर क्षेत्रमा आलु धेरै उत्पादन हुने गरेकाले आलुबाली सुरक्षितसाथ राख्न किसानलाई धेरै सजिलो भएको थापाले बताए । नगरपालिकाले पहिलो वर्ष बोलपत्रमार्फत रम्भा गाउँपालिका-१ हुँगीका भगवती अधिकारी न्यौपानेलाई, दोस्रो र तेस्रो वर्ष सूर्योदय कृषि सहकारीसँग सम्झौता गरेर सञ्चालन गरेको थियो भने चौथो वर्ष नगरपालिका आफैँले व्यवस्थापन गरेर सञ्चालन गर्ने जनाएको छ । विसं २०७८ वैशाखमा निर्माण सम्पन्न गरी शीतभण्डार प्रयोगमा ल्याइएको हो । यो पाल्पाको सबैभन्दा ठूलो क्षमताको शीतभण्डार रहेको छ । लुम्बिनी प्रदेश सरकारको सर्शत अनुदानमा रबिना र अभिसा जेभी कन्ट्रक्सन प्रालिले संयुक्त रूपमा तीन करोड २६ लाख ७६ हजार ५६६ मा ठेक्का सम्झौता गरी निर्माण गरिएको हो । फरकफरक क्षमताका पाँच कोठामा नै भण्डारण गर्न मिल्नेछ ।

## संक्षिप्त समाचार

### फोनिज पाल्पाको अध्यक्षमा राना



**पाल्पा,** चैत १९/नेपाल आदिवासी जनजाति पत्रकार महासै (फोनिज) पाल्पा शाखाको अध्यक्षमा जिल्लाका क्रियाशिल पत्रकार इमान सिं राना सर्वसम्मत चयन भएका छन् । शाखाको तानसेनमा सम्पन्न पाँचौं अधिवेशनले रानालाई अध्यक्षमा चयन गरेको हो ।

जिल्लाको निस्दी गाउँपालिकाका राना विगत एक दशकदेखि रामपुरमा रहेर पत्रकारिता गर्दै आएका छन् । स्थानीयदेखि राष्ट्रियस्तरका मिडियाहरुमा कार्यरत उनी नेपाल प्रेस युनियन पाल्पाका सह-सचिव समेत हुन् । अध्यक्ष चयनभएसँगै रानाले आदिवासी जनजातिका मुद्दासँगै समग्र नेपाली पत्रकारिताको हितमा काम गर्ने बताएका छन् । अधिवेशनले शाखाको उपाध्यक्षमा एवतकुमार सारु, सचिवमा धनबहादुर ठाडा, सह-सचिवमा मीना कुमाल, कोषाध्यक्षमा अनिल लिगललाई चयन गरेको छ । यस्तै, सदस्यहरूमा होम राईमगर, पुनाराम सुनारी, विमल कुमाल, रुपा थापा र प्रेमकान्छा राईलाई रहेका छन् । अधिवेशनले केन्दीय प्रतिनिधिमा देवबहादुर पचभैया, निवर्तमान अध्यक्ष रनबहादुर कुमाल, राजेन्द्र लिगल, मिना कुमारी कुमाल र रुपा थापालाई चयन गरेको छ । त्यस्तै प्रदेश प्रतिनिधिमा दानबहादुर हिस्की, दिलबहादुर गाहा, यमबहादुर थापा रहेका छन् ।

## सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरूद्धारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरूको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो ।

सहकारी सिद्धान्तको पालना गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# आज राष्ट्रिय सहकारी दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै

**पाल्पा, चैत १९**/आज राष्ट्रिय सहकारी दिवस पाल्पासहित देशैभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । सहकारी अभियन्ता, सहकारीकर्मी तथा विभिन्न सहकारी संघ संस्था र तिनका छाता संगठनहरुले विशेष कार्यक्रम गरी ६८ औं राष्ट्रिय सहकारी दिवस मनाउन लागेका छन् ।




पाल्पामा भव्य रुपमा दिवस मनाइँदै छ । 'मर्यादित सहकारी समुन्नत समाज' भन्ने नाराका साथ यस वर्ष जिल्लामा भव्य रुपमा कार्यक्रम गरी दिवस मनाउन लागिएको जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष भुपति पाण्डेयले जानकारी दिए । उनका अनुसार तानसेनमा जिल्ला भित्रका सबै प्रकारका सहकारी संस्था र सहकारी अभियन्ताहरुको सहभागीतामा कार्यक्रम हुन लागेको बताए । नारामा उल्लेख भएका प्लेकार्ड, ब्यानर र झण्डासहित र्‍याली निकालिने अध्यक्ष पाण्डेयले बताए । र्‍याली पछि तानसेन नगरपालिकाको सभाहलमा सहकारी सभा आयोजना हुने हुँदै । सभामा सहभागीलाई वर्तमान समयमा सहकारीले खेप्नु परेका समस्या र समाधानका उपायका विषयमा सहकारी अभियन्ता तथा संविधानसभा सदस्य केशव वडाल, गोपी मैनाली लगायतले जानकारी गराउने छन् ।

कार्यक्रमलाई प्रभावकारी बनाउन तानसेन नगरपालिकाले आयोजकका रुपमा सहयोग गर्ने छ । राष्ट्रिय सहकारी दिवस प्रत्येक वर्ष चैत्र २० गते मनाउने गरिएको छ । २०१३ साल चैत्र २० गते चितवनको शारदानगरमा बखान सहकारी स्थापना भएको दिनको स्मरणमा यो दिवस मनाउने गरिएको हो । देशभर अहिले करिब ३० हजारको सङ्ख्यामा सहकारी रहेको तथ्याङ्क छ । जहाँ झण्डै ६० लाख सदस्य छन् । सहकारी क्षेत्रले ५० हजारलाई प्रत्यक्ष तथा पाँच लाख नागरिकलाई अप्रत्यक्ष रोजगारी सिर्जना गरेको छ । कुल गार्हस्थ्य उत्पादनमा ३ प्रतिशत र वित्तीय पहुँचमा १५ प्रतिशत योगदान सहकारी क्षेत्रले गरेको बताइन्छ । सहकारीको अवधारणा अनुसार, सामूहिक आर्थिक उन्नति र सामुहिक कार्यशैली नै सहकारी अभियानको मुख्य उद्देश्य हो । नेपाली सहकारी अभियानको छाता संगठन राष्ट्रिय सहकारी संघले हरेक वर्ष दिवसको नारा तय गर्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## राष्ट्रिय सहकारी दिवसको सार्थकता

**६८औं राष्ट्रिय सहकारी दिवस आज देशैभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । वि.सं. २०१३ साल चैत्र २० गते चितवनको शारदानगरमा बखान सहकारी स्थापना भएको दिनलाई स्मरण गर्दै दिवस मनाउने गरिएको छ ।**

**सहकारीको अवधारणा अनुसार, सामूहिक आर्थिक उन्नति र सामूहिक कार्यशैली नै सहकारी अभियानको मुख्य उद्देश्य हो । नेपाली सहकारी अभियानको छाता संगठन राष्ट्रिय सहकारी संघले हरेक वर्ष दिवसको नारा तय गर्छ । यस वर्ष 'मर्यादित सहकारीः समुन्नत समाज' भन्ने नारा तय गरी राष्ट्रिय सहकारी दिवस मनाउन लागिको छ । नाराले सहकारी संस्थाहरूलाई पारदर्शिता, उत्तरदायित्व तथा सुशासनका आधारमा मर्यादित र अनुशासित रुपमा सुसञ्चालन गरी मुलुकको समुन्नत समाज निर्माणमा योगदान गर्नुपर्नेमा जोड दिएको छ ।**

**आजको दिन सहकारीको अवस्था र भए गरेका गतिविधिका बारेमा समिक्षा गर्ने दिन पनि हो । गत वर्ष सहकारी क्षेत्रले कति उत्पादन वृद्धि गरे, कतिमात्रामा आयात प्रतिस्थापन भयो र निर्यात बढाइयो ? सहकारीका कार्यक्रमले नाराको सारलाई समेट्न सके कि सकेनन् भन्ने कुरा समीक्षा हुन आवश्यक छ । विगतका नारा र दिवसले के कति परिमाणमा उपलब्धि दिन सफल भए यसको जवाफ तथ्यांकसहित दिन सकियो भनेमात्र सहकारी अभियानको सान्दर्भिकता बढ्न सक्छ । सहकारी जस्तो व्यावसायिक संगठनले सडक जुलुस वा सभा गर्नुपर्दैन, दिवसको अवसरलाई आफ्ना कामको प्रदर्शन गर्ने दिनका रूपमा मनाउनु राम्रो हुन्छ । उत्पादन वृद्धि गर्ने विभिन्न सम्भावनाको खोजी गरौं, उद्यमशीलताको पहिचान र त्यसका लागि ज्ञान, सीप र पुँजी उपलब्ध गराउँ । सहकारीका माध्यमबाट रोजगारीका अक्सर खोजौं । सदस्यले गरेका उत्पादनको बजारीकरणको लागि सञ्जाल निमार्ण गरौं । जल, जमिन, जंगल, जडिबुटी, प्राकृतिक तथा धार्मिक क्षेत्र तथा सम्भावनाको पहिचान, पर्यटन, रेमिट्यान्सलगायतका क्षेत्रको सही ढंगले उपयोग गरी आर्थिक, सामाजिक तथा वातावरणीय विकासका लागि काम गरौं । नवीनतम प्रविधिको प्रयोग गर्ने युवा जनशक्तिलाई अभियानमा आकर्षित गरौं । यसो गर्न सकियो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने छ ।**

## Opinion @ Social Network


समय सबैको लागि उस्तै हो,
तर कसैले यसलाई सदुपयोग गर्छ, कसैले बर्बाद।
*(मादव नेपालको फेसबुक स्टाटस https://www.facebook.com/nepal.madhab)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वि.पी. कोइराला, समाजवाद र सहकारी



**केशव बडाल**
**पूर्व मन्त्री तथा पूर्व अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ**

नेपालको पहिलो लोकतान्त्रिक निर्वाचित प्रधानमन्त्री वि.पी. कोइराला सहकारी र समाजवादका दृढ समर्थक थिए । उनले लोकतान्त्रिक समाजवादको संरचना निर्माण गर्न सहकारीलाई पनि एउटा आधार मानेका थिए विशेषगरी इजरायलको भ्रमणपछि । प्रधानमन्त्रीको रुपमा १८ महिनाको छोटो कार्यकालमा उनले सहकारी विकासलाई प्राथमिकता दिए । इजरायलको सहकारी प्रणालीको गहन अध्ययनपछि नेपालमा पनि इजरायली मोडलको सहकारी संरचना निर्माणको आवश्यकता उनले औंल्याएका थिए ।

विपी कोइरालाले इजरायल भ्रमणका क्रममा त्यहाँको किबुत्ज र मोशाव जस्ता सहकारी प्रणाली अध्ययन गर्ने अवसर प्राप्त गरे । सहकारी अर्थतन्त्रलाई बलियो बनाउँदै समतामूलक समाज निर्माण गर्ने उनको सोचले सहकारी ऐनको प्रस्ताव गर्न प्रेरित गऱ्यो । तर, उनको सरकार अपदस्त भएपछि ऐन कार्यान्वयन हुन सकेन । लोकतान्त्रिक समाजवादबारे उनको विचार प्लेटोको द रिपब्लिकदेखि मार्क्र्सवादी सिद्धान्तसम्म फैलिएको थियो । उनले उत्पादनका साधनमाथि श्रमिक वर्गको स्वामित्व हुनुपर्ने विचारलाई समर्थन गर्ने गर्थे । सहकारी प्रणालीलाई समाजवादतर्फको यात्राको आधार मान्दै, उनले सामाजिक, आर्थिक, र सांस्कृतिक क्षेत्रमा समानता ल्याउन सहकारीको महत्वलाई बुझेर नै इजरायली मोडेलको सहकारी अभियान अगाडि बढाउनका लागि आफ्नो कार्यकालमा निर्देशनात्मक अभिव्यक्ति समेत दिएका थिए । विपी कोइरालाको विचार र प्रेरणा आज पनि समाजवाद र सहकारी आन्दोलनका लागि मार्गदर्शक बनेकाले यो लेख तयार गरिएको हो ।

समाजशास्त्र र मनोविज्ञानमा बढी रुची राख्ने र कलम चलाउने भए पनि विपीले दर्शन शास्त्र र ऐतिहासिक विकास क्रमका बारेमा प्लेटो अरस्तु लगायतका विषयमा विश्लेषण गर्ने गर्थे । विपीको समयका समकालिन नेताहरुले १९औं शताब्दीको दर्शन शास्त्र, अर्थशास्त्र र समाज शास्त्रको विकास, साथै सहकारी र समाजवादी विचार धाराको उदयका विषयलाई अध्ययनको विषय बनाएको देखिन्छ । जर्मनी दर्शन शास्त्रका लागि उर्वर भूमि थियो, जहाँ हेगेल र फायरबाख जस्ता दार्शनिकहरूले गहिरो प्रभाव पारेका थिए । डेभिड रिकार्डो र एडम स्मिथका रणनीतिक अर्थशास्त्रले पनि ठूलो भूमिका खेलेका थिए । यी सबै विषयमा विपी कोइरालाको रुची देखिन्थ्यो ।

१९औं शताब्दीको जर्मनी दर्शनको केन्द्र थियो, जहाँ हेगेलको द्वन्द्ववाद र फायरबाखको भौतिकवाद जस्ता सोचहरूले विश्व दर्शन शास्त्रलाई ठूलो प्रेरणा दिएको थियो । यी दार्शनिकहरूमार्फत विकास भएका विचारले राजनीतिक, सामाजिक र आर्थिक सोचमा गहिरो प्रभाव पार्नु स्वभाविक नै थियो । जर्मन दर्शन शास्त्रले तत्कालीन समाजका चुनौतीहरूको उत्तर खोज्ने नयाँ मार्गहरू प्रस्तुत गरेको पाइन्छ । यस कालखण्डमा डेभिड रिकार्डो र एडम स्मिथका रणनीतिक अर्थ शास्त्रीय दृष्टिकोणहरूले अर्थ शास्त्रमा नयाँ युगको सुरुवात गरेका थिए । यी विचारहरूबाट प्रेरित हुँदै, फ्रान्सका सेन्ट साइमन र चार्ल्स फुरिएरले समाजवादी अवधारणा विकास गरेका थिए भने बेलायतका रबर्ट ओवेनले सहकारी र समाजवादी अवधारणाको विकास गरेका थिए । ओवेन विशेष रूपमा सहकारी संस्थाहरूको विकासका प्रवर्द्धक थिए, जसले श्रमिकहरूको जीवनस्तर सुधार गर्ने योजनाहरू अघि सारेका थिए ।

सहकारी अवधारणाले "सामूहिक स्वामित्व र साझा प्रयास" का सिद्धान्तहरूमा आधारित भएर आर्थिक र सामाजिक न्याय स्थापनाको प्रयास गऱ्यो । यो अवधारणाले समाजवादी संरचनाको जग निर्माण गर्न महत्वपूर्ण योगदान गऱ्यो, जहाँ सहकारी संस्थाहरूलाई आर्थिक असमानता हटाउने साधन मानिन्थ्यो । १८औं शताब्दीको अन्त्यतिर भएको फ्रान्सेली राज्यक्रान्तिले युरोपभरि मानव अधिकार र समानताको भावना फैलायो । "स्वतन्त्रता, समानता, र भ्रातृत्व" भन्ने नाराले समाजमा वर्गीय भेदभाव अन्त्य गर्ने सोचको जग खडा गऱ्यो । क्रान्तिको प्रभावले रोबर्ट ओवेन, एफ. डब्ल्यू. रैफाइसेन, र विलियम थोम्पसन जस्ता व्यक्तिहरूलाई सहकारी प्रणाली मार्फत समाजलाई न्यायपूर्ण बनाउने दिशामा अघि बढ्न प्रेरित गऱ्यो ।

त्यतिबेलाका नेपालका सम्माननीय नेता विपी कोइरालाले युरोपमा विकसित हुँदै गएको समाजवादी अवधारणालाई आत्मसात् गर्दै सामाजिक न्याय र लोकतन्त्रलाई एकसाथ अघि बढाउने प्रयास गरेको देखिन्छ । उनले सहकारी प्रणालीलाई आर्थिक समानताको एउटा महत्वपूर्ण साधनका रूपमा अवलम्बन गरे पनि त्यसलाई कार्यान्वयन गर्न पाएनन् । सन १९६० मा भएको नेपालकै पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेसले दुई-तिहाइ बहुमत हासिल गऱ्यो । यस सफलताले विपी कोइरालालाई नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्रीको रूपमा स्थापित गऱ्यो । सामाजिक न्याय, आर्थिक स्थिरता र लोकतान्त्रिक मूल्यहरूको विस्तार गर्न सहकारी प्रणालीले महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्नेमा उनको बुझाई प्रधानमन्त्री भएपछि विकास भएको थियो । सहकारी संस्थाहरूले समाजका सबै वर्गलाई आर्थिक, सामाजिक, र सांस्कृतिक रूपमा सवल बनाउन मद्दत पुऱ्याउँछ भन्नेमा इजरायको भ्रमणपछि वि.पी. कोइराला विश्वस्त भएको पाइन्छ । नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वि.पी. कोइरालाले २०१७ सालमा संयुक्त राष्ट्र संघीय महासभामा सहभागी हुने क्रममा अमेरिका पुग्दा विश्वका विभिन्न देशका नेताहरूसँग विचार आदान-प्रदान गर्ने अवसर पाए । महासभा सकिएपछि उनी इजरायल भ्रमणमा निस्किए । त्यहाँको आर्थिक र सामाजिक व्यवस्थालाई नजिकबाट अध्ययन गर्ने मौका पाए । यो भ्रमणले उनलाई सहकारी व्यवस्थाको प्रभाव र सफलताको प्रत्यक्ष अनुभव गरायो, जसले नेपालमा सहकारी संरचनाको विकास गर्ने प्रेरणा दिएको देखिन्छ ।

**इजरायलको सहकारी संरचना र विपी कोइरालाको प्रभाव :**

इजरायलको अर्थतन्त्रको आधार सहकारी प्रणाली थियो । त्यहाँका "किबुज" र "मोसाभ" नामक सहकारी संस्थाहरूले कृषि, आवास, र मानव आवश्यकताका क्षेत्रहरूमा महत्वपूर्ण योगदान गरेका थिए । यी संस्थाहरूका सदस्यहरूमा राष्ट्रपति, प्रधानमन्त्रीदेखि लिएर विभिन्न पेशा र व्यवसायका नागरिकहरू समेत थिए । सहकारी सिद्धान्त र नियमभित्र रहेर त्यहाँका नागरिकहरूले गर्ने समर्पित योगदानले विपी कोइरालालाई गहिरो रूपमा प्रभावित गऱ्यो ।

इजरायलको श्रमिक महासंघ हिस्तादुत सहकारी अवधारणाबाट प्रेरित थियो । यस महासंघको संरचना र कार्यक्रमको विस्तृत अध्ययनपछि कोइरालाले नेपालमा पनि इजरायली मोडेल अनुसार सहकारी संरचना (इजरायली मोडेल) को विकास गरेर आर्थिक, सामाजिक, र सांस्कृतिक रूपमा समानतामूलक समाज निर्माणको सोच लिएर फर्किएको हुनसक्छ ।

**जनसेवा सिनेमा हलमा ऐतिहासिक सम्बोधन:**

नेपाल फर्किएपछि विपी कोइरालाले काठमाडौंको जनसेवा सिनेमा हलमा एउटा ऐतिहासिक सभा आयोजना गरे । अहिले त्यो हल भएको ठाउँमा विशाल बजार छ । त्यो सिनेमा हलमा मैले पनि सिनेमा हेरेको छु । काठमाडौंको स्थानीयवासीलाई त्यो हलको विषयमा ज्ञात छ नै । त्यो सभामा सबै मन्त्रालयका सचिवहरू, योजना आयोगका पदाधिकारीहरू तथा सदस्यहरु, प्राध्यापकहरू, शिक्षकहरू र विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तित्वहरूलाई आमन्त्रण गरिएको थियो । सभामा उनले इजरायलको सहकारी मोडेलको अध्ययनका आधारमा नेपालमा सहकारी संरचना विकासको खाका तयारीका लागि निर्देशन दिएका थिए । उनले सहकारीका विषयमा बोलेका धेरै प्रसंग नभए पनि यो एउटा महत्वपूर्ण प्रसंग नै काफी छ ।

"नेपालको आर्थिक, सामाजिक, र सांस्कृतिक क्षेत्रको विकास गर्न इजरायली मोडेलको सहकारी संरचनालाई अगाडि बढाउनुपर्छ । त्यसका लागि ऐन, कानुन, र नीति नियम निर्माण गरेर सहकारी अभियानलाई अघि बढाउन सबै जिम्मेवार व्यक्ति र संस्थाहरूले सहयोग पुऱ्याउनुहुन निर्देशानात्मक अनुरोध छ ।" यस विचारले सहभागी सबैलाई प्रेरित गऱ्यो, र उनको निर्देशनात्मक अनुरोधले व्यापक प्रशंसा पनि पायो । विपी कोइरालाले सहकारी अभियानलाई संस्थागत गर्न संसदमा सहकारी ऐन प्रस्ताव गरे । यो नेपालमा सहकारी आन्दोलनलाई संस्थागत गर्न पहिलो ठोस प्रयास थियो । तर, दुर्भाग्यवश, २०१७ साल पौष १ गते तत्कालीन राजा महेन्द्रद्वारा जननिर्वाचित सरकारलाई अपदस्त गरी निर्दलीय निरंकुश पञ्चायती शासन व्यवस्था लागू गरेपछि सहकारी अभियानको प्रगति अवरुद्ध भयो । परिणामतः पञ्चायती व्यवस्थाका समयमा सहकारी क्षेत्रले अन्तर्राष्ट्रिय सहकारी आन्दोलनका सिद्धान्तहरूसँग मेल खानेगरी स्वतन्त्र र स्वायत्त रूपमा अघि बढ्न पाएन । सहकारीको वास्तविक मर्म र भावनामा आधारित कार्यक्रम सञ्चालन हुन सकेन ।

लामो संघर्षपछि प्रजातन्त्र पुनस्थापना भयो र २०४८ सालमा सहकारी ऐन लागू भएपछि मात्र सहकारी क्षेत्रले नयाँ गति लियो । यो ऐनले सहकारीलाई स्वायत्तता र स्वतन्त्रताकासाथ अघि बढ्ने अवसर दिएको थियो । यसले नेपालमा सहकारी क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित सहकारी सिद्धान्तहरूसँग मिल्नेगरी अघि बढ्ने आधार तयार गऱ्यो । विपी कोइरालाको इजरायल भ्रमणले नेपालमा सहकारी संरचनाको महत्वबारे गहिरो चेतना ल्याएको थियो । उनले नेपाललाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणतर्फ लैजान सहकारीलाई आधारस्तम्भ मानेर ऐन नियमका विषयमा सबैलाई बोलाएर सभा गर्नु ऐतिहासिक घटना थियो । यद्यपि राजनीतिक अस्थिरताले उनका योजनाहरू तत्काल कार्यान्वयन हुन सकेनन्, २०४८ सालको सहकारी ऐनले उनका विचारलाई पुनर्जीवित गर्दै नेपालको सहकारी आन्दोलनलाई नयाँ उचाइमा पुऱ्याएको मान्नुपर्छ ।

**विपी कोइरालासँग मेरो पहिलो भेट र संवाद:**

मेरो कोइराला परिवारसँगको सम्बन्ध २०११ सालदेखि नै थियो । मेरो जेठी दिदीको विवाह दुम्जाका कृष्णप्रसाद कोइरालासँग भएको थियो । त्यसैगरी, मेरा दाजु खिलप्रसाद र उद्धवप्रसादले पनि कोइराला परिवारकै छोरीसँग विवाह गरेका थिए । मेरो काका भवानीशंकर बडालले पनि कोइराला परिवारकै छोरीसँग विवाह गरे । यसरी बाल्यकालदेखि नै कोइराला परिवारसँगको पारिवारिक सम्बन्धले हाम्रो कोइराला परिवारसँग घनिष्ठता थियो । मेरो सबैभन्दा निकटको साथी शम्भु बडालका आमा पनि कोइराला परिवारकै सदस्य थिइन् । राजनीतिक विचारमा फरक भए पनि पारिवारिक नाता र सम्बन्धले कोइराला परिवार नजिक थियो ।

**भेटघाटको प्रसंग:**

२०२४ सालमा जुगेडी संघर्षमा व्यापक दमन भयो । त्यहाँ सन्तबहादुर चेपाङ र दशरथ चेपाङ सहिद भए भने पदमबहादुर गुरुङ र टेष्टबहादुर गुरुङसहित धेरै नेता र कार्यकर्ता गिरफ्तार भए । त्यसैगरी, २०३५ साल साउन ७ गते नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको दिल्लीमा निधन भयो । नेपाली जनताको चाहना विपरीत पञ्चायती शासनले उनको पार्थिव शरीर नेपाल ल्याउन रोकेको थियो । मृतक शरीर मात्र होइन, उनको अस्थीसमेत नेपाल ल्याउन नदिएको पीडा नेपाली जनताले झेल्नुपऱ्यो ।

*(-बाँकी ३ पेजमा...)*



**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : काममा नयाँ अवसर पाइनेछ। धन लाभको संकेत छ । | **तुला** : नयाँ अवसर प्राप्त हुनेछ । परिवारमा मेलमिलाप बढ्नेछ । |
| **वृष** : परिवारमा खुसीको वातावरण बन्नेछ। यात्राका अवसर मिल्नेछन् । | **वृश्चिक** : शत्रु पक्ष कमजोर हुनेछ। निर्णय क्षमतामा सुधार आउनेछ । |
| **मिथुन** : नयाँ काम सुरु गर्न अनुकूल समय छ। साथीभाइको साथ पाइनेछ । | **धनु** : शिक्षा तथा अध्ययनमा प्रगति हुनेछ। यात्रामा सावधानी अपनाउनुहोस्। |
| **कर्कट** : विवाद टाढा राख्नुहोस्। मानसिक तनाव कम गर्न ध्यान दिनुहोस्। | **मकर** : धन लाभको अवसर छ । काममा आत्मविश्वास बढ्नेछ । |
| **सिंह** : प्रेम सम्बन्धमा सुधार आउनेछ। आर्थिक सुधारको संकेत छ । | **कुम्भ** : नयाँ साथी बनाउने अवसर मिल्नेछ । प्रेम सम्बन्ध सुदृढ हुनेछ । |
| **कन्या** : व्यवसायिक काममा सफलता मिल्नेछ। स्वास्थ्यप्रति ध्यान दिनुहोस् । | **मीन** : सामाजिक काममा संलग्न हुनुहुनेछ । नयाँ योजना सफल हुनेछ। |

# राष्ट्रिय सहकारी दिवस विषेश


६८औं राष्ट्रिय सहकारी दिवस भव्य रुपमा सफल पारौं ।



हार्दिक शुभकामना



'मर्यादित सहकारी : समुन्नत समाज' भन्ने नारासहित आज मनाइँदै गरिएको ६८औं राष्ट्रिय सहकारी दिवसको सुखद् अवसरमा समस्त सहकारी अभियन्ता, हाम्रा सम्पूर्ण शेयर सदस्य ज्यू, सञ्चालक, कर्मचारी तथा शुभेच्छुकहरूमा दिवसको यस दिनले सहकारी आन्दोलनलाई राष्ट्रउत्थानको आधारस्तम्भ बनाउन अभिप्रेरित गरोस् सबैमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौ ।

| | | |
|---|---|---|
| संगीता गाहा, व्यवस्थापक; हरि रायमाझी, अध्यक्ष — **लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.** | गुनी रेश्मी, व्यवस्थापक; विष्णु गाहा, अध्यक्ष — **गणेश बचत तथा ऋण सहकारी संस्था लि.** | दिपेन्द्र प्र. पौड्याल, व्यवस्थापक; सागर प्र. देवकोटा, अध्यक्ष — **अन्धकारमुक्ति** बचत तथा ऋण सहकारी संस्था लि. रामपुर, पाल्पा |
| प्रकाश शर्मा, व्यवस्थापक; सर्जुलाल बज्राचार्य, अध्यक्ष — **आनन्द बचत तथा ऋण सहकारी संस्था लि.** | लक्ष्मी शाक्य, व्यवस्थापक; मधुदयाल सैजु, अध्यक्ष — **मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.** | अजयमान कर्माचार्य, सचिव; भीमसेन कार्की, अध्यक्ष — **रारा बचत तथा ऋण सहकारी संस्था लि.** |


## वि.पी. कोइराला, समाजवाद...

...२०३५ साल माघ २४ गते सेन्टर जेलमा कैदी रहेका भीमनारायण श्रेष्ठ र क्याप्टेन यज्ञबहादुर थापालाई सुरक्षाकर्मीले रातारात जेलबाट निकालेर हेटौंडाको चुरे जंगलमा हत्या गरे । यस्तो क्रूर घटनाले राजनीतिक विरोधलाई झन् चर्काएको थियो । पञ्चायती शासनले दमन चर्काउँदै गर्दा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका विभिन्न घटकबीच सहकार्यको आवश्यकता महसुस भइरहेको थियो । दमनविरुद्ध संयुक्त आन्दोलनमार्फत लोकतन्त्र स्थापना गर्ने प्रस्ताव लिएर २०३५ साल माघको अन्त्यतिर नेपाली कांग्रेसका सभापति विपी कोइरालासँग छलफल गर्ने निर्णय गऱ्यौं । भेटघाटको व्यवस्था नेपाली कांग्रेसका स्थानीय नेता योगानन्द वैद्यले गरेका थिए । विपी कोइराला जयबागेश्वरीमा तारणीप्रसाद कोइरालाको छोरा ज्योति कोइरालाको घरमा बस्थे। म, शम्भु बडाल र योगानन्द वैद्य उनलाई भेट्न गयौं । त्यो घरको आँगन र बरण्डामा आफन्त, नातागोता, र राजनीतिकर्मीहरूको जमघट थियो । हामी भने सीधै उनी बसेको कोठामा गयौं । उनले हामीलाई स्वागत गर्दै बस्न संकेत दिए । साधारण पोशाकमा, दुब्लो-पातलो तर गरीमामय व्यक्तित्वका विपी कोइरालालाई देख्दा हामी प्रेरित भयौं । उनको सरलता र सौम्य व्यक्तित्वले हामीलाई सहज अनुभूति गराएको म अहिले पनि महसूस गरिरहेको छु । विपीसँगको संवादमा हामीले पञ्चायती दमनका घटनाहरू उल्लेख गर्दै भर्खरै भएको भीमनारायण श्रेष्ठ र यज्ञबहादुर थापाको हत्याको कुरा उठायौं । हामीले यस्तो अवस्थालाई तोड्न नेपाली कांग्रेस र कम्युनिस्टहरूको संयुक्त संघर्ष आवश्यक रहेको प्रस्ताव राख्यौं । लोकतन्त्रलाई राष्ट्रिय मुद्दाको रूपमा अघि बढाउन सहकार्य अपरिहार्य रहेको तर्क गरेका थियौं । विपीले हामीले राखेका कुरा ध्यानपूर्वक सुने । उनको शारीरिक हाउभाउ र भावनात्मक प्रतिक्रिया सकारात्मक थियो । जसले हाम्रो भेटलाई सार्थक भएको महसुस गराएको थियो ।

**विपीको प्रेरणादायी उपहार:**

भेटघाटपछि विदा हुँदा विपी कोइरालाले मलाई एउटा पुस्तक दिए । झण्डै ४०० पृष्ठ लामो उक्त पुस्तक अंग्रेजी भाषामा थियो र युरोपेली लोकतन्त्र र समाजवादसँग सम्बन्धित थियो । त्यो पुस्तकले मेरो राजनीतिक सोचलाई अझ प्रस्ट पार्न मद्दत गरेको थियो । यो लेख तयार गर्ने क्रममा त्यो पुस्तक खोजें तर भेटाइनँ । विपी कोइरालासँगको यो पहिलो भेट मेरो जीवनको अविस्मरणीय क्षण थियो । उनीसँगको संवादले मात्र होइन, उनले देखाएको सरलता, नेतृत्व कौशल र विचारको स्पष्टताले मलाई प्रभाव पारेको थियो । लोकतन्त्र र समाजवादप्रति उनको प्रतिबद्धता र सहकार्यको लागि उनको सकारात्मक दृष्टिकोण पाएको थिए । उसो त, वि.पी. कोइरालाले सहकारीको विषयमा धेरै बोलेको पाइदैन । पुस्तक, लेख आलेखमा पनि उल्लेख गरेको भेटाइनँ । तर उनका विचार र दर्शन सामाजिक न्याय र समानताको पक्षमा थिए । कोइरालाको राजनीतिक सोंचमा सहकारी र समाजवादी सिद्धान्तको महत्व झल्किन्थ्यो । यद्यपि उनले यसलाई सीधा रूपमा आफ्नो प्रमुख प्राथमिकताका रूपमा प्रस्तुत गरेका पाइदैन । उनका विचारहरूमा समानता र समृद्धि ल्याउने दिशामा सहकारी संस्थाहरूको भूमिका महत्वपूर्ण छ । वि.पी. कोइरालाले आफ्नो जीवनमा प्राय: समय रचनात्मक र समावेशी राजनीतिक प्रणालीको पक्षमा विताए । जसमा सामूहिक शृङ्खलामा काम गर्न सक्ने संस्थागत संरचनाहरूलाई प्रोत्साहन दिइएको थियो ।

**प्रजातान्त्रिक समाजवादबारे विपीका विचारहरु:**

विपी कोइराला प्रजातान्त्रिक समाजवादका प्रखर समर्थक थिए । उनका विचारले नेपाली राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनमा सहयोग गर्ने स्पष्ट छ । उनले लोकतन्त्र र समाजवादलाई परिपुरक मानेका छन् । उनले प्रजातन्त्र नागरिकको स्वतन्त्रता, विचार अभिव्यक्ति र मानव अधिकार सुनिश्चित गर्ने माध्यम हो भने समाजवाद आर्थिक समानता र सामाजिक न्यायको माध्यम मानेका छन् ।

**प्रजातान्त्रिक समाजवादको बारेमा विपी कोइरालाका केही महत्वपूर्ण विचार :**

- लोकतन्त्र बिना समाजवादले निरंकुशताको रूप लिन सक्छ, र समाजवाद बिना प्रजातन्त्र असमानताको साधन मात्र बन्न सक्छ ।
- समाजवाद भनेको वर्ग संघर्षबाट सिर्जित घृणा होइन, यो सामाजिक एकता र सहअस्तित्वबाट प्रेरित मानवतावादी सिद्धान्त हो ।
- जसलाई समाजवाद र साम्यवादबारे बुझ्न मन छ, त्यस्ता व्यक्तिहरूले प्लेटोको द रिपब्लिक पढ्न जरुरी छ ।

युरोपमा औद्योगिक क्रान्तिपछि हातले गर्ने काम मेसिनले गर्न थालेपछि श्रमिकहरूको रोजगारी गुम्न थाल्यो । त्यसका कारण श्रमिकहरूले मेसिनलाई आफ्नो मुख्य दुश्मन ठानेर मेसिन तोड्ने आन्दोलन सुरु गरे, जसलाई तुडाइट आन्दोलन भनियो ।

मेसिन तोडेर समस्या समाधान हुँदैन । उत्पादनका साधनमाथि उत्पादक शक्ति अर्थात् श्रमिकहरूको स्वामित्व र नियन्त्रण हुनुपर्छ । त्यसका लागि प्रयास गर्नुपर्छ । इतिहासलाई क्रमबद्ध रूपमा अध्ययन नगरिकन वर्तमानको दिशा तय गर्न कठिन हुन्छ । आदिम युगमा वर्गको अवधारणा थिएन । त्यसबेला वर्ग संघर्षको सवाल नै उठ्दैनथ्यो । कृषि र पशुपालन व्यवसाय सुरु भएपछि उत्पादनका साधनमाथि व्यक्तिको स्वामित्व र नियन्त्रणको सुरुवात भयो । यसैका कारण समाजमा वर्ग विभाजन भयो, जहाँ एक समूह उत्पादनका साधनको मालिक भयो र अर्को समूह श्रम गर्न बाध्य भयो ।

यस असमानताको अन्त्य गर्दै समाजवादी समाजको आधार निर्माण गर्न कालमार्क्सले आफ्नो दार्शनिक दृष्टिकोण प्रस्तुत गरे । मानिसहरूमा अभाव, गरिबी, विभेद, मान-अपमान, हुने र नहुने अवस्थाले सहानुभूतिको भावना उत्पन्न गराउँछ, र यही मनोवैज्ञानिक अवस्थाबाट समाजवादको विचार जागृत हुन्छ । समाजवादी विचारधारा सुरुमा रबर्ट ओवेन र सेन्ट साइमनजस्ता चिन्तकहरूले प्रस्तुत गरे । तर, तिनले व्यावहारिक रूप धारण गर्न सकेनन् । कार्लमार्क्सले समाजवादी समाज निर्माणको भिन्न दृष्टिकोणबाट तर्क र व्याख्या गरे । मार्क्सले असमानतालाई कम गर्दै उत्पादनका साधनमाथि समाजको स्वामित्व स्थापनाको माध्यमबाट समाजवादी समाज निर्माण गर्न जोड दिए ।

**सन्दर्भ सामाग्रीहरु:**


*विश्वेश्वरप्रसाद कोइराला: राजा, राष्ट्रियता र राजनीति ,संकलन र सम्पादन: गणेशराज शर्मा, जगदम्बा प्रकाशन, २०६३ विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृतान्त, संकलन: गणेशराज शर्मा :जगदम्बा प्रकाशन, २०५५ होमनाथ दाहालसँगको संवाद र छलफलबाट प्राप्त विपीले सहकारीका विषयमा दिएको अभिव्यक्तिको प्रसंग*

*सहकारी सिद्धान्त र प्रयोग, लेखक: केशव बडाल प्रकाशन: २०६१ नेपाली समाजको ऐतिहासिक, राजनीतिक, र सहकारी आन्दोलनको पृष्ठभूमि समावेश भएका विभिन्न लेखरचनाहरु*



## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/१२/१९**

प्रस्तुत विषयमा यस विद्यालयमा मिति २०८१/१२/१७ को विद्यालय व्यवस्थापन समितिको निणर्य, शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको च.नं. १३३५ मिति २०८१/१२/१९ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह विज्ञान विषय शिक्षकको पदपुर्ति गर्नुपर्ने भएकोले कम्तीमा निम्न लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट निम्न विवरणको आधारमा रहि रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

तपशिल

**तह** : माध्यमिक तृतिय

**पद** : शिक्षक , **नियुक्तिको किसिम** : राहात

**पद संख्या** : १ जना, विषय : विज्ञान, **शैक्षिक योग्यता** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट मूल विषय विज्ञानमा स्नातक वा सो सरह

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**दरखास्त दिने अन्तिम मिति** : २०८२/०१/०३ बुधबार,

**सर्म्पक मिति** : २०८२/०१/०४ बिहीबार

**तलब स्केल** : नेपाल सरकारको प्रचलित नियम अनुसार, **दरखास्त दस्तुर** : रु. १०००/-

**परीक्षाको किसिम** : लिखित,मौखिक तथा प्रयोगात्मक

**परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।


**आवश्यक कागजातहरू** : SEE देखि न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र प्रतिलिपि, नेपाली नागरिकताको (२/२ प्रतिलिपि)

नोट: कुनै करार सूचीको उमेद्वारको दरखास्त पर्न गएमा अग्रस्थानमा रहेको करार सूचीको उमेद्वारलाई आवश्यक प्रक्रिया पुऱ्याई नियुक्ति दिइने छ ।


**सम्पर्क मोवाइल नं.** : ९८४६०५२०२४, ९७४९७८८७०९, ९८४७४३९२८०

**श्री भानुभक्त माध्यमिक विद्यालय**

रामपुर न.पा.-९, जब्गादी, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल



# राष्ट्रिय सहकारी दिवस विषेश



## अभियन्ताहरुको नजरमा सहकारी

# 'पाल्पाका सहकारी वित्तीय अनुशासनमा चलेका छन्, कुनै समस्या छैन'

**पछिल्लो समय सहकारीले बचतकर्ताको बचत अपचलन गरेको र ठगी गरेको भन्दै पीडितहरु आन्दोलित बनेका छन् । सडकदेखि संसदसम्म सहकारीको चर्चा छ । सरकारमा सहभागी भएका सांसददेखि मन्त्रीसम्म सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोप लागिरहेको छ । सहकारी संस्था आफ्नो मूल्य मान्यता अनुसार नचल्दा र फाइनान्स जस्तो बन्न खोज्दा अहिलेको समस्या आएको हो । तर सबै सहकारी संस्थाहरुहरुलाई एउटै दाँजोमा राखेर हेर्नुहुँदैन् । 'गाउँ-गाउँमा सहकारी, घर-घरमा भकारी' भन्ने नाराका साथ स्थापित सहकारीहरु समुदायका नागरिकहरूको सारथी बन्दै धेरैको सुख, दुःख बिसाउने थलो पनि बनेका छन् । देशका ठूला सहरका केही सहकारीहरुमा समस्या देखिए पनि पाल्पा जस्ता पहाडी जिल्लाहरुमा त्यस्तो देखिदैन । सहकारीहरु समस्याग्रस्त बन्दै गएका छन् भन्ने भाष्य देशैभरि फैलिरहेका बेला पाल्पाका सहकारी सञ्चालक तथा अभियन्ताहरुले भने जिल्लामा त्यस्तो कुनै समस्या नभएकाले ढुक्क भएर सहकारीमा कारोबार गर्न सकिने बताएका छन् । उनीहरुका प्रतिक्रियालाई जस्ताको त्यस्तै यहाँ प्रस्तुत गरेका छौं ।**



**सागर प्रसाद देवकोटा**
**अध्यक्ष, अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था रामपुर, पाल्पा**
**तथा सदस्य, प्रदेश बचत तथा ऋण सहकारी संघ सञ्चालक, लुम्बिनी प्रदेश**

पाल्पामा चलेका सहकारी संस्थामा अहिलेसम्म कुनै समस्या देखिएको छैन । एकाध सहकारीमा समस्या होला, म छदैं छैन् भन्न सक्दैन तर वित्तीय अनुशासनमा चलिरहेका सहकारीमा बाहिर प्रचार भए जस्तो समस्या छैन ।

हामीले सुशासनलाई आत्मसाथ गरेर काम गरेका छौं । सदस्यले आवश्यकता अनुसार आफ्नो बचत राख्ने झिक्ने गरिरहनुभएको छ । बचत फिर्तामा कुनै समस्या छैन् । हाम्रो सहकारीमा ११ हजार बढी सदस्यहरु हुनुहुन्छ । जहाँ एक अर्ब ६८ करोड ब्यालेन्स सिट छ । ५ वटा सेवा केन्द्रबाट जिल्लाभरी नै सेवा दिइरहेका छौं । हामीले सुशासन र पादर्शीतालाई अंगालेर काम गरेकै कारण गत वर्ष प्रोस्कूनबाट उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत समेत भएका छौं । हामीहरुले दर्ता गरी व्यवसायी गर्नेहरु र महिलाहरुका लागि सहुलियत रुपमा कर्जा प्रवाह गर्ने गरेका छौं ।



**सर्जुलाल बज्राचार्य**
**अध्यक्ष, आनन्द बचत तथा ऋण सहकारी संस्था, तानसेन, पाल्पा**

तानसेनमा सञ्चालित सहकारीहरुमा कुनै पनि समस्या छैन् । बाहिर जसरी सहकारीप्रति नकरात्मक धारणाहरु फैलाइएको छ त्यस्तो यहाँ छैन् । ढुक्क भएर रकम बचत र लगानी गर्न सकिन्छ । यहाँका सहकारीहरु व्यवस्थित र सुशासनलाई आत्मसाथ गरेर कारोबार गर्दै आएका छन् । जसले गर्दा डराउनु पर्दैन । जहाँ सुशासन र आर्थिक अनुसाशनको पालना भएको छैन त्यस्ता ठाउँका सहकारीहरुमा केही समस्या आएका हुन् । तर हामीहरुले सहकारीको मूल्यमान्यता र सिद्धान्तभित्र रहेर मात्र काम गर्दै आएका छौं । हाम्रो सहकारीले सदस्यहरुलाई जति बेला रकम आवश्यक पर्छ त्यति बेला प्रक्रिया पुरा गरेर सहज र सरल रुपमा बचत र आवश्यक ऋण दिने गरेका छौं । हामीले सदस्यहरुको स-सानो पुँजी संकलन गरी उनीहरुको आयआर्जनका लागि उद्योग, व्यवसायी सञ्चालनमा सहयोग गर्दै आएकाले पनि सदस्यहरु उत्साहका साथ सहकारीमा बचत गर्न आउने गर्नुहुन्छ । हाम्रा बजार प्रतिनिधिहरु घर-घरमै पुगेर सदस्यहरुको बचत रकम संकलन गर्ने गर्छन् ।



**हरी रायमाझी**
**अध्यक्ष, लक्ष्मी बचत तथा ऋण सहकारी संस्था तानसेन, पाल्पा**

पाल्पासहित पहाडी जिल्लाका सहकारीमा कुनै समस्या रहेको देखिदैन । देशका केही ठूला सहरहरुमा बचतकर्ताहरुको रकम अपचलन भएका घटनाहरु छन् । तर पाल्पाको हकमा त्यस्तो छैन । यहाँ सञ्चालित सहकारीहरु सबै यहीका स्थानीयले नै चलाएकाले अहिलेसम्म समस्या देखिएको छैन । जहाँसम्म हाम्रो लक्ष्मी सहकारीको कुरा गर्नुहुन्छ भने हामी सबै सञ्चालकहरु यहीका स्थायी वासिन्दा नै छौं । हामी कहाँ बचत गर्नु हुने सदस्यहरुलाई कुनै पनि समस्या छैन ।

उहाँहरुले चाहेको अवस्थामा जति बेला पनि बचत रकम झिक्न र राख्न सक्नुहुन्छ । जस्तोसुकै आर्थिक मन्दी र चुनौतीमा पनि हामीले सदस्यलाई सन्तुष्टि दिलाएर सरल र सहज रूपमा सेवा गरिरहेका छौं । सदस्यहरूको एक लाख बरावरको दुर्घटना बिमा, बचत सुरक्षित गर्ने ग्यारेन्टी, जेष्ठ सदस्यहरुलाई प्रत्येक वर्ष उचित सम्मान गर्ने गरेकाले पनि उहाँहरु उत्साहित हुनुहुन्छ ।



**मधुदयाल सैजू**
**अध्यक्ष, मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था, तानसेन पाल्पा**

केही सहकारीहरुले गलत गरे भन्दैमा सबै सहकारीलाई एकै ठाउँमा राखेर हेरिनु हुन्न । यसले राम्रो काम गरेका सहकारीहरुलाई पनि नराम्रो असर गर्छ । सहकारी देशको अर्थतन्त्रको एक खम्बा हो । देशको अर्थतन्त्रमा पाल्पाका सहकारीहरुले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यहाँका सहकारीहरुमा कुनै समस्या देखिएको छैन तर बाहिर जसरी सहकारीका विषयमा नकरात्मक टिप्पीहरु आएका छन् त्यसले हामी जस्ता सहकारी जसले सहकारीको मर्म र सिद्धान्तलाई आत्मसाथ गरेर काम गर्दै आएकाहरुलाई भने समस्या बनाएको छ । हामीहरुले सर्वसाधारण नागरिकहरुको स-साना रकमलाई एकृत्रित गरी उनीहरुको जिविकोपार्जनमा सहज बनाउने काम गराउनुको साथै सामाजिक उत्तरदायित्वतर्फ पनि ध्यान दिर्दै आएका छौं । हाम्रो सहकारीले विना धितो ऋण दिदैन । विना धितो ऋण दिने सहकारीहरुमा भने केही समस्या आएको छ । त्यसतर्फ हामी सजग छौं । सदस्यहरुका लागि उपचार खर्च, बचत सुरक्षित गर्ने ग्यारेन्टी, सदस्यको मृत्यु भएमा काजकिरिया खर्च बापत २०/२० हजार, सुत्केरी भत्ता ५/५ हजार, मासिक रुपमा वृद्धा भत्ता, एकल महिला भत्ता, २ लाखको दुर्घटना बिमा लगायतका कार्यक्रम हामीले ल्याएका छौं । जसले गर्दा उत्साजनक रुपमा सदस्यहरुको आकर्षण सहकारीमा छ । हामी कहाँ २ हजार ८ भन्दा बढी सदस्य छन् भने ४२ करोडदेखि ४५ करोडसम्मको कारोबार हाम्रोमा छ ।



**विष्णु गाहा**
**अध्यक्ष, गणेश बचत तथा ऋण सहकारी संस्था, पाल्पा**

देशका कतिपय ठाउँहरुमा सञ्चालकहरुको क्रियाकलापले सहकारीको बदनामी भएको पक्कै हो तर सबै सहकारीलाई एउटै डालोमा हालेर तुलना गर्न मिल्दैन । सदस्यबाट बचत लिएर व्यक्तिगत फाइदाका लगानी गर्नेहरु सहकारीकर्मी नै होइन । त्यो कुरा शेयर सदस्यहरुले बुझ्नुपर्छ । सहकारी आफैमा गलत हैनन् तर कतिपयले सहकारीलाई गलत तरिकाले प्रयोग गर्दा अहिलेको समस्या आएको हो । पाल्पामा सञ्चालित सहकारीहरुमा त्यस्तो समस्या छैन् । यहाँका सबै सहकारीहरुले सहकारीको मूल्यमान्यता र सिद्धान्तलाई फलो गरेर काम गरेका छन् । गणेश सहकारीको कुरा गर्नुहुन्छ भने हामी सबै सञ्चालकहरु भूपु सैनिक आवद्ध छौं । हामीहरु आफै नियम कानुनको पालना गर्ने व्यक्तिहरु नै भएकाले हाम्रो सहकारीले सोही अनुसार वित्तिय अनुशासन कायम गरेको छ । हामी कहाँ बचत गर्ने सदस्यहरु बढ्दो क्रममा हुनुहुन्छ । सदस्यहरूको उपचार खर्च, बचत सुरक्षित गर्ने ग्यारेन्टी, सदस्यको मृत्यु भएमा काजकिरिया खर्च बापत १०/१० हजार, कर्मचारीहरुलाई पोशक लगायत कार्यक्रमले पनि सदस्यहरुको आकर्षण सहकारीमा छ । सदस्यहरूको हरेक सुख, दुःखमा हामी सँगसँगै हुन्छौं । त्यसैले पनि हामीप्रति धेरैको आशा छ । हामीले ११ वर्षमा १६ करोडको कारोबार गर्न सफल भएका छौं भने आफ्नै भवन निर्माण गरेर कार्यालय सञ्चालन गरेका छौं ।



**भिमसेन कार्की**
**अध्यक्ष, रारा बचत तथा ऋण सहकारी संस्था, तानसेन पाल्पा**

पाल्पामा सञ्चालित सहकारीहरु सबै स्थानीयले नै सञ्चालन गरेकाले कुनै पनि बचतकर्ताहरुको रकम अपचलन भएको छैन् । बरु सहकारीबाट ऋण लगेर सदस्यहरुले समयमै बुझाउन नसकेको अवस्था भने छ । आर्थिक संकटका कारण सदस्यहरुले समयमै लगेको कर्जा बुझाउन सकेका छैन् । सहकारी खत्तमै भए भन्ने जुन भाष्य सिर्जना गरिएको छ त्यो सत्य हैन । हो काठमाडौं, पोखरा जस्ता ठूला सहरका केही सहकारीहरुले ठूलो रकम अनुत्पादक क्षेत्रमा लगाउने र आफै सञ्चालक आफै कार्यकारी भएर काम गर्दा समस्या देखिएको छ । त्यसलाई सरकारले नियमन गर्न जरुरी छ । हामी कहाँ त्यस्तो अवस्था छैन् । जहाँ सम्म हाम्रो सहकारीको कुरा गर्दा हामी सबै स्थानीयहरु मिलेर सहकारी खोलेका छौं । यहाँका नागरिकहरुको जीवनस्तर माथि उठाउने दिशामा सहकारीले काम गर्दै आएको छ । सदस्यहरुका लागि दुर्घटना विमा, काजक्रिया खर्च, कर्जा लिएको सदस्यको कुनै कारण मृत्यु भएमा उक्त कर्जा मिनाह गर्ने जस्ता कार्यक्रम रहेका छन् । जसका कारण सहकारीमा सदस्यहरुको संख्या बढ्दो छ ।

*प्रस्तुति : रामचन्द्र रायमाझी*

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई